# त्रि-वर्षीय अन्तरिम योजनाको आधारपत्र अन्तर्गत पर्यटन, उद्योग, बाणिज्य र आपूर्ति क्षेत्र

डा. पुष्पराज राजकर्णिकार
सदस्य, रायोआ

१० असार, २०६४

# पर्यटन क्षेत्र

## विद्यमान स्थिति

- **आ. व. ०६२।६३ मा पर्यटक संख्या** ३ लाख ७५ हजार पुगेको ।
- **आ. व. ०६२।६३ मा पर्यटनबाट विदेशी मुद्रा आर्जन कूल** अ.ड. १४.८४ करोड (कूल विदेशी आर्जनको ७.१ प्रतिशत) पुगेको ।
- **आ. व. ०६२।६३ मा पर्यटक वसाई अवधि** सरदर ९.१ दिन कायम हुन आएको । **आ. व. ०६२।६३ मा कुल ग्रार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान** १.२ प्रतिशत रहको ।

*... बर्तमान स्थिति*

| क्र. सं | सूचक | २०५८।५९ (२००१ को स्थिति) | दशौं योजनाको लक्ष्य | ०६२/६३ (२००५) को प्रगति | औषत प्रगति |
|---|---|---|---|---|---|
| १. | पर्यटक आगमन (हजारमा) | ३६५ | ५१६ (वर्षेनी ७.२ प्रतिशतका दरले वृद्धि गर्ने) | ३७५.४ | ३४३.५७ (वर्षेनी २.४ प्रतिशतका दरले वृद्धि भएको) |
| २. | पर्यटक बसाइँ अवधि (दिन) | ११.९ | १३.० | ९.१ | १०.० |
| ३. | विदेशी मुद्रा आर्जन (अमेरिकी डलर करोडमा) | १४.० | २०.५ (वर्षेनी ८ प्रतिशतका दरले वृद्धि गर्ने) | १४.८४ | १४.९६ (वर्षेनी ५.५ प्रतिशतका दरले वृद्धि भएको) |
| ४. | प्रति पर्यटक प्रति दिन आम्दानी (अमेरिकी डलरमा) | ३९.६ | ६०.० | ५८.५ | ६१.९ |
| ५. | कुल गार्हस्थ उत्पादनमा योगदान (प्रतिशतमा) | ३.० | ३.० | १.२ | २.३ |

*स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय*

# पर्यटन क्षेत्रका समस्या तथा चुनौतीहरु

- देशमा उपलब्ध अपार प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुलाई पर्यटकीय दृष्टिकोणले विकास गर्ने ।
- छरिएर रहेका प्राकृतिक सांस्कृतिक सम्पदाहरुको पहिचान गरी तिनीहरुको एकीकृत तथ्याङ्काधार निर्माण गर्ने ।
- अन्तर्राष्ट्रिय हवाई सम्बन्धमा विकास गर्ने र नेपाल वायुसेवा निगमको संस्थागत र व्यवस्थापकीय सुधार एवं व्यवसायिकताको विकास गर्ने ।
- सम्भाव्य पर्यटकीय स्थलहरुमा पर्यटन पूर्वाधारहरूको विस्तार गर्ने ।
- पर्यटन व्यवसायलाई गरिबमुखी र समावेशी बनाउने ।

# पर्यटन क्षेत्रका उद्देश्यहरु

- सांस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण, संवर्द्धन र प्रबर्द्धन गर्ने ।
- पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख अंगको रुपमा विकास गर्ने ।
- पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा रोजगारी सिर्जना र जनताको जीवनस्तरमा सुधार गर्ने कार्यमा योगदान दिन सक्ने गरी पर्यटन क्षेत्रको दिगो विकास गर्ने ।
- नेपालको नागरिक उड्डयन उद्योगलाई भरपर्दो र स्तरीय हुने गरी विकास गर्ने ।
- पर्यटन पुर्वाधारहरुको विकास गर्ने ।
- पर्यटन विकासलाई समावेशी बनाउने ।

# पर्यटन क्षेत्रका प्रमुख नीतिहरु

- नयाँ पर्यटन क्षेत्र र बस्तुहरुको पहिचान र विकास गरी पर्यटन क्षेत्रबाट क्षेत्रीय सन्तुलन र समावेशी अवधारणाको आधारमा रोजगारी र आर्थिक क्रियाकलापमा अभिवृद्धि गरिनेछ।
- नेपालका साँस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गरी नेपालको विशिष्ट पहिचानलाई कायम राखिनेछ।
- मुलुकभरिका भौतिक र गैर भौतिक साँस्कृतिक सम्पदाहरुको अध्ययन गरी तिनको विवरण संहिताबद्ध गरिनेछ।
- दुर्गम क्षेत्रमा विमानस्थल निर्माण, सुधार तथा विस्तार गरिनेछ । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई सुदृढ गरिनेछ।

# पर्यटन क्षेत्रका प्रमुख नीतिहरु ....

- थप एक अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कार्य सुरू गरिने र आवश्यकतानुसार क्षेत्रीय र स्थानीयस्तरका विमानस्थलहरुको विकास, निर्माण तथा पुनर्निर्माण कार्य थालिनेछ ।
- ठूला तालहरुमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विमानस्थलकै रुपमा प्रयोगमा ल्याउने जस्ता नयाँ सोच र प्रविधि प्रवर्द्धन गर्न प्राविधिक संभाव्यता अध्ययन गरिने ।
- देशमा विद्यमान भाषा, साहित्य, कला, संगीत लगायत समग्र संस्कृतिको संरक्षण एवं सम्वर्द्धन गरिने ।
- पर्यटन व्यवसायमा स्थानीय सहभागिता बढाइ गरिबी निवारणमा सघाउ पुऱ्याइने ।

# उद्योग क्षेत्र

## विद्यमान स्थिति :

- दशौं योजनामा उद्योग तथा खानी क्षेत्रको कूल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान ९.३२ प्रतिशत हुने अनुमान गरिएकोमा ८.४ प्रतिशत रहेको ।
- वार्षिक सरदर ७.८ प्रतिशतका दरले औद्योगिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएकोमा १.९५ प्रतिशतको वृद्धिदर मात्र हासिल हुन सकेको ।

# उद्योग क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरु

- औद्योगिक सुरक्षाको समस्या तथा औद्योगिक श्रम सम्बन्धको समस्या ।
- जटिल कानूनी संरचना र प्रकृयागत ढिलाई ।
- उन्नत आधुनिक प्रविधिको प्रयोग प्रति अनभिज्ञता ।
- दक्ष जनशक्तिको कमी ।
- पूँजीको अपर्याप्तता ।
- भन्सार मूल्यांकन सम्बन्धी समस्या तथा जटिल वातावरण संरक्षणका प्रावधान ।
- पर्याप्त भौतिक पूर्वाधारहरुको अभाव ।

# उद्योग क्षेत्रका उद्देश्यहरु

- नीतिगत, संस्थागत तथा आधारभूत संरचनाहरुको विकास गरी सवल औद्योगिक वातावरणको सृजना गर्ने
- औद्योगिक उत्पादनमा बृद्धि गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

# उद्योग क्षेत्रका प्रमुख नीतिहरु

- औद्योगिक प्रवर्द्धनका क्षेत्रमा विद्यमान कानुन, नीति, तथा संरचनाहरुमा आवश्यकता अनुसार परिमार्जन एवं सुधार गरिने ।
- उद्यमशीलता विकास एवं आयमूलक रोजगारी अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरी द्वन्द्व प्रभावित, महिला, दलित, आदिवासी जनजाति र पछाडिपरेका जन समुदायलाई लघु उद्यममा सहभागी गराइने ।
- औद्योगिक प्रक्रियालाई अझै सरल, सहज, पारदर्शी, वैज्ञानिक र समयानुकुल बनाउन नयाँ औद्योगिक नीति कार्यान्वयनमा ल्याइने ।
- लघु उद्यमीहरुको समस्यालाई सम्बोधन गर्न लघु उद्यम विकास नीति कार्यान्वयनमा ल्याइने ।

# बाणिज्य क्षेत्र

## विद्यमान स्थिति :

- स्वस्थ र प्रतिस्पर्धात्मक वजारको विकास गर्न र कर्पोरेट सुशासनको स्थापना गर्न प्रतिस्पर्धा ऐन, दामासाही ऐन, कम्पनी ऐन, साइवर ऐन कार्यान्वयनमा आएका ।
- व्यापारिक बस्तुको आवागमनलाई छिटो छरितो गर्न एवं प्रकृयागत सरलीकरण गरी वैदेशिक व्यापारको लागत कम गर्न वीरगन्ज, भैरहवा र विराटनगरमा सुख्खा बन्दरगाहहरुको निर्माण गर्ने काम सम्पन्न भएको ।
- दशौं योजना अवधिमा बस्तु व्यापारतर्फ निर्यात ०.५ प्रतिशतले मात्र र आयात ८.७ प्रतिशतले वृद्धि भएको अनुमान छ । फलस्वरुप दशौं योजनाले व्यापार घाटालाई कुल ग्राहस्थ उत्पादनको १२.२ प्रतिशतमा सीमित राख्ने लक्ष राखेकोमा १५.१ प्रतिशत पुगेको छ ।

# बाणिज्य क्षेत्रका समस्या तथा चुनौतीहरु

- विश्व व्यापार सगठनका प्रावधान अनुसार कार्य गर्ने, तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका निकासीजन्य उत्पादनहरुको पहिचान गर्न नसकिनु ।
- नेपाली उत्पादनलाई विश्वबजारमा स्थापित गर्न र कारोबार लागतलाई कम गरी नेपाली वस्तुको प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्न नसकिनु ।
- मल्टी मोडल यातायात प्रणालीको विकास गर्ने र आपूर्ति श्रृंखलालाई व्यवस्थापन गरी ढुवानी लागतलाई कम गर्ने कार्य चुनौतीको रुपमा रहेकोछ ।

# बाणिज्य क्षेत्रका उद्देश्यहरु

- अर्न्तराष्ट्रिय सेवा व्यापारलाई दृष्टिगत गरी विश्व व्यापार संगठनले खुला गरेको सेवा क्षेत्रबाट लाभ लिई गरिवी निवारणमा योगदान पुर्‍याउने ।
- स्थानीय स्रोत र दक्ष जनशक्तिको अधिकतम उपयोग गरी व्यापार व्यवसायबाट प्राप्त प्रतिफललाई जनस्तरमा पुर्‍याई गरिवी निवारणमा सहयोग पुर्‍याउने

# वाणिज्य क्षेत्रका प्रमुख नीतिहरु

- उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने एवं आपूर्ति पक्षलाई सवल तुल्याउनको लागि बाणिज्य क्षेत्रको विकास गरिने ।
- व्यापार सम्बन्धी भौतिक संरचना र पूर्वाधारको विकास गरिने ।
- नीतिगत सुधारका कार्यहरु जस्तै नयाँ बाणिज्य, औद्योगिक र वैदेशिक लगानी नीतिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने लगायतका कार्यहरुलाई निरन्तरता दिइने ।
- निर्यात व्यापार प्रवर्द्धन एवं बजार पहुँचका उपायहरु अवलम्वन गर्ने तथा निर्यात विकास गर्न उपयुक्त बाणिज्य र औद्योगिक वातावरण सिर्जना गर्न आवश्यक बस्तुतथा सेवाहरुको आयात गर्नका लागि आयात नीतिलाई उपयोग गरिने ।

# वाणिज्य क्षेत्रका प्रमुख नीतिहरु

- व्यापार सहजीकरणका कार्यहरु जस्तै भन्सार प्रक्रियाको सरलीकरण, पारवहन र गुणस्तर प्रमाणाीकरण सम्वन्धी प्रक्रियाका आधार, नीति नियमहरुलाई व्यापार साझेदार मुलुकहरु (भारत, चीन, आदि) संग मेल खाने किसिमले सुधार गरिने ।
- दुइ विशाल छिमेकी अर्थतन्त्रहरुको विकासको लाभलाई औद्योगिक तथा वाणिज्य विकासको माध्यमबाट आन्तरिकीकरण गरिने ।
- संस्थागत सुधारका साथै व्यापारको क्षेत्रमा क्षमता अभिवृद्धि तथा दक्ष जनशक्तिको विकास गरिने ।
- तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका निकासीजन्य उत्पादनहरुको पहिचान, विकास र बजार विविधीकरण गरिने ।
- निकासी व्यापारको पृष्ठ र अग्र सम्बन्ध विस्तार गरिने ।

# आपूर्ति क्षेत्र

**विद्यमान स्थिति :**

- सरकारले दुर्गम क्षेत्रका ३० वटा जिल्लामा ढुवानी अनुदानमा खाद्यान्न तथा २२ वटा जिल्लामा आयोडिनयुक्त नूनको आपूर्ति गर्दै आएको ।
- खुला तथा उदार अर्थ व्यवस्था अनुरुप केही आधारभुत उपभोग्य बस्तु ( पेट्रोलियम पदार्थ, नुन र खाद्यान्न) बाहेक अन्य बस्तुहरुको विक्री वितरणमा सरकारी नियन्त्रण नरहेको ।
- पेट्रोलियम पदार्थहरुको नेपाल आयल निगमबाट बिक्री बितरण भै रहेको ।
- पेट्रोलियम पदार्थको मासिक ७६ हजार किलोलिटर माग रहेकोमा करीब ६० हजार किलोलिटर आपूर्ति भएको ।
- खाद्यान्न तर्फ १७३ हजार क्विन्टल बार्षिक माग रहेकोमा ९७ हजार क्विन्टल बार्षिक आपूर्ति भएको ।

# आपूर्ति क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरु

- आपूर्ति व्यवस्थालाई सरल, सहज र गुणस्तरीय बनाउनु मुख्य चुनौतीको रुपमा रहेको ।
- भरपर्दो आपूर्ति व्यवस्थाको लागि पर्याप्त वित्तिय कोषको व्यवस्था, पूर्वाधार विकास, न्यूनतम मौज्दात, निजी क्षेत्रसंगको साझेदारी र निजी क्षेत्रको जिम्मेवारी लगायतका विषय तथा क्षेत्रहरुमा विशेष चुनौतीहरु देखिएका ।

# आपूर्ति क्षेत्रका उद्देश्यहरु

- सरकारी तथा निजी क्षेत्रका अलावा स्थानीय निकायको सहभागितामा अत्यावश्यक वस्तुहरुको गुणस्तर सहित सुपथ मूल्यमा सर्वसुलभ ढंगबाट नियमित आपूर्तिको व्यवस्थालाई सहज र सुनिश्चित गर्दै उपभोक्ताको हकहितको संरक्षण गर्ने व्यवस्था मिलाउने ।
- नागरिकहरुका लागि खाद्य सुरक्षा वृद्धि, आय आर्जनको अवसर र ग्रामिण आपूर्ति व्यवस्था कार्यक्रमको संचालन गर्दै गरिवी निवारणमा सहयोग पुर्‍याउने ।
- दुर्गम र पिछ्डिएका क्षेत्रमा स्थानीय उत्पादन वृद्धि गरी उत्पादित वस्तुको भण्डारण गर्न सघाउ पुऱ्याउने तथा खाद्यान्न सुरक्षार्थ खाद्य सुरक्षा भण्डारको व्यवस्था गर्ने ।
- प्रतिस्पर्धात्मक बजार प्रणालीमा सबैको सहज पहूंच पुऱ्याउने वातावरण कायम गर्ने र अस्वभाविक अवस्थामा सर्व साधारणको हक हितको रक्षार्थ वजार हस्तक्षेपको माध्यमबाट उपयुक्त उपाय अवलम्बन गरी आपूर्ति व्यवस्थालाई सुलभ तथा सहज गराउने,

# आपूर्ति क्षेत्रका प्रमुख नीतिहरु

- दुर्गम जिल्लाहरुमा नून, चिनी, मट्टितेल जस्ता अत्यावश्यक वस्तुहरुको एकीकृत आपूर्ति व्यवस्था मिलाउन सम्बद्ध संस्थाहरुबीच समन्वय कायम गरिने ।
- खाद्य सुरक्षा र खाद्यान्न संकट व्यवस्थापनको लागि खाद्य सुरक्षा भण्डारमा न्यूनतम मौजदात राख्ने व्यवस्थालाई प्रभावकारी बनाइने ।
- एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिने ।
- पेट्रोलियम पदार्थलगायतका विभिन्न उपभोग्य वस्तुहरुमा दिइएको अनुदान नीति पुनरावलोकन गरिने ।
- अन्य उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्थालाई समेत सहज र भरपर्दो बनाइने ।
- नेपालको प्रमुख आपूर्ति भारतसँग निर्भर भएको हुँदा चीन र दक्षिण एसिया क्षेत्रबीचमा ट्रान्जिट करिडर खोलिने ।

धन्यवाद्